# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८३।०४।०८ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला महोत्तरी, साविक भरतपुर गाउँ विकास समितिको कार्यालयका तत्कालीन सचिवसमेतले भरतपुर गा.वि.स.को आ.ब. २०६८/०६९ को बाल संरक्षण अनुदानको भत्ता रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साविक गाउँ विकास समितिको कार्यालय, भरतपुर, महोत्तरीको लागि आ.व.२०६८/०६९ मा जिल्ला विकास समितिको कार्यालय, महोत्तरीबाट बाल संरक्षण भत्ताको लागि रू.३,०७,२००/-(तीन लाख सात हजार दुई सय रूपैयाँ) निकासा भएकोमा उक्त बालबालिकाको पोषण भत्ता वितरण गरेको भरपाईको सहिछाप महलमा प्रतिवादीहरूले आफैंले र अन्य व्यक्तिलाई औंठाछाप गर्न लगाई भत्ता बुझेको नक्कली भरपाई खडा गरी उक्त रकम हिनामिना गरेको प्रयोगशाला परीक्षण प्रतिवेदनसमेतबाट देखिंदा साविक गाउँ विकास समितिको कार्यालय भरतपुर, महोत्तरीका तत्कालीन कार्यालय सहायक उमाकान्त महतोले आफ्नो पदीय ओहदाको दुरूपयोग गरी तत्कालीन गा.बि.स. सचिव महेश्वर महतो कोइरी र तत्कालीन जिल्ला विकास समितिको कार्यालय, जलेश्वर महोत्तरीको आन्तरिक लेखापरीक्षण शाखामा कार्यरत सुरुज साहसँगको प्रत्यक्ष संलग्नता र मिलेमतोमा गलत लिखत तयार गरी गराई नेपाल सरकार/सरकारी निकायलाई हानिनोक्सानी पुऱ्याउने र आफूहरूलाई गैरकानुनी लाभ लिने बदनियतले आ.व.२०६८/०६९ को बाल संरक्षण भत्ता सम्बन्धित लाभग्राहीलाई वितरण नगरी नगराई लाभग्राहीहरूलाई वितरण गरेको देखिने नक्कली भरपाई तयार गरी उक्त भरपाईको सहीछाप महलमा आफैंले र लाभग्राही बाहेकका अन्य व्यक्तिलाई सहीछाप गर्न लगाई पेश्की फछ्र्यौट गरी गराई सरकारी रकम रू.३,०७,२००/- (तीन लाख सात हजार दुई सय रूपैयाँ) हिनामिना तथा हानिनोक्सानी गरेको पुष्टि भएकोले निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिमको कसुर भएको हुँदा उल्लिखित भ्रष्टाचारजन्य कसुरमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | तत्कालीन भरतपुर गा.वि.स. का तत्कालीन सचिव **महेश्वर महतो कोइरी** | रू.३,०७,२००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. तीन लाख सात हजार दुई सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | तत्कालीन भरतपुर गा.वि.स. का तत्कालीन कार्यालय सहायक हाल गौशाला नगरपालिका वडा नं.४ का वडा सचिव (सहायक पाचौं) पदमा कार्यरत **उमाकान्त महतो** | रू.३,०७,२००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. तीन लाख सात हजार दुई सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ३. | तत्कालीन जिल्ला विकास समितिको कार्यालय, महोत्तरीका तत्कालीन सहायक लेखापाल हाल भंगाहा नगरपालिका, महोत्तरीमा कार्यरत अधिकृत (छैठौं) **सुरुज साह** | रू.३,०७,२००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. तीन लाख सात हजार दुई सय रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने